# पशुपन्छी तथा मत्स्य फार्म दर्ता मापदण्ड, २०८१

नगरकार्यपालिकाबाट मिति २०८१/०५/२४ मा पारित यो मापदण्ड कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०८१/०५/२६

**कावासोती नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

**२०८१**

# पशुपन्छी तथा मत्स्य फार्म दर्ता मापदण्ड, २०८१

**प्रस्तावनाः**

कावासोती नगरपालिकाको क्षेत्र भित्र समग्र पशुपन्छी तथा मत्स्य सम्बन्धी सेवा सरल, सहज, सुलभ, मितव्ययी एवम् ग्रहण योग्य तवरले उपलब्ध गराउन साथै पशुपन्छी तथा मत्स्य उत्पादन प्रणालीमा एउटा सुसंगठित व्यवस्था र पद्धतिको विकास गरी समुचित रुपबाट अगाडि बढाउनको लागि व्यवसायिक रुपमा पशुपन्छी तथा मत्स्य पालन गरिरहेका कृषकहरुको फार्म दर्ता गर्न वाञ्छनीय रहेकाले,

कावासोती नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ दफा ४(१) र कृषि तथा पशुपन्छी ऐन २०७८ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरि कावासोती नगरकार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ।

**१. उद्देश्यः**

क. पशुपन्छी तथा मत्स्य व्यवसायमा प्रत्यक्ष रुपमा संलग्न कृषकहरुलाई समन्वय, व्यवस्थापन र नियमन गर्नका लागि सहयोग पुर्याउने।

ख. पशुपन्छी तथा मत्स्य व्यवसायलाई करको दायरामा ल्याउने।

ग. व्यवसायिक कृषकहरुलाई पशुपन्छी तथा मत्स्य सम्वन्धी अनुदान लगायतका अन्य कार्यक्रमहरु संचालन गर्न सहज हुने।

घ. पशुपन्छी तथा मत्स्य सम्बन्धी नयाँ प्रविधि प्रसार व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्यमा सहयोग पुर्याउने।

**१. फार्म दर्ताका लागि न्यूनतम मापदण्डः**

| फार्मको वर्गिकरण | साना | मझौला | ठुला | कैफियत |
|---|---|---|---|---|
| व्यवसायिक गाई फार्म | ३ देखि ५ माउ | ६ देखि १० माउ | ११ भन्दा माथि | |
| व्यवसायिक भैसी फार्म | ३ देखि ५ माउ | ६ देखि १० माउ | ११ भन्दा माथि | |
| व्यवसायिक भेडा बाख्रा फार्म | ५ देखि २० माउ | २१ देखि ५० माउ | ५१ भन्दा माथि | |
| व्यवसायिक पाडा फार्म | ५ देखि १० | ११ देखि ५० | ५१ भन्दा माथि | |
| व्यवसायिक पन्छी | १०० देखि ५०० | ५०० देखि ५००० | ५००१ भन्दा | |

| | | | | |
|---|---|---|---|---|
| फार्म | | | माथि | |
| व्यवसायिक बंगुर फार्म | ३ देखि ५ | ६ देखि २० | २१ भन्दा माथि | |
| व्यवसायिक मत्स्य फार्म | ३ देखि १० कठ्ठा क्षेत्रफल | ११ देखि २० कठ्ठा क्षेत्रफल | २१ कठ्ठा क्षेत्रफल भन्दा माथि | |
| मिश्रित फार्म | माथिका न्यूनतम परिधि पुरा गरेर एक भन्दा बढि किसिमका पशुपन्छी एक व्यक्तिले व्यवसायिक तवरले पालन गरेको हुनुपर्दछ। | | | |

**२. पशुपन्छी तथा मत्स्य फार्म दर्ता प्रक्रिया**

यस नगरपालिका भित्र पशुपन्छी तथा मत्स्य पालन गर्दै आईरहेका वा नयाँ स्थापना गर्न चाहेका कृषकहरुले आफ्नो फार्म दर्ता गर्नका लागि अनुसूची १ बमोजिमको निवेदन नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ।

अ. निवेदनका आधारमा पशुपन्छी विकास शाखाबाट स्थलगत अनुगमन गरि फार्म दर्ताको तोकिएको मापदण्ड पुगेको साथै फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुगमन प्रतिवेदनको आधारमा पशुपन्छी शाखाको अभिलेखमा दर्ता गरि अनुसूची २ बमोजिम फार्म दर्ता गरि प्रमाणपत्र उपलब्ध गराउने छ।

आ. अन्य आवश्यक कागजातहरु

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

ख. पार्सपोर्ट साईजको फोटो २ प्रति।

ग. जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि वा बहाल बिटौरी कर तिरेको प्रमाणको प्रतिलिपि।

घ. सम्बन्धित वडा कार्यालयको सिफारिस र चारकिल्ला प्रमाणित सर्जमिन मुजुल्का (फार्मले समुदायमा पार्न सक्ने सकारात्मक/नकरात्मक प्रभावको विवरण सहितको)

ङ. सर्जमिन मुजुल्कामा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

च. जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको हुनुपर्ने)

छ. एकाघरको व्यक्तिको नाममा जग्गा भए मञ्जुरिनामा।

## ४. नविकरण र खारेजी प्रक्रिया

क. दर्ता भएका फार्म प्रत्येक नयाँ आर्थिक वर्ष सुरु भएपछि नविकरण गर्नुपर्नेछ।

ख. यस मापदण्ड सुरु हुनु भन्दा अगाडि दर्ता भएका १ वर्ष अवधि पुरा भएको फार्म पनि नियमानुसार प्रत्येक आर्थिक वर्षको सुरु भए पछि नविकरण गर्नुपर्नेछ।

ग. नयाँ फार्म दर्ता तथा नविकरणमा लाग्ने शुल्क यस कार्यालयको निर्णय (आर्थिक ऐन)अनुसार हुनेछ।

घ. दर्ता भएका फार्महरुको नगरपालिकाले समयसमयमा अनुगमन गर्नेछ र कानुन विपरित सञ्चालन गरेको पाईएमा यस कार्यालयको निर्णय बमोजिम कारबाही प्रक्रियामा लगिनेछ।

## ५. थपघट वा हेरफेर

क. यो मापदण्ड कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन यस कार्यालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख. यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि यस कार्यालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

**अनुसूची - १**

**निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
कावासोती नगरपालिका।

**विषयः फार्म दर्ता गरि पाउँ बारे।**

प्रस्तुत विषयमा कावासोती नगरपालिका वडा नं. ......... मा मैले मिति................... देखि व्यवसायिक रुपमा ............... कट्ठा/संख्यामा ................... पालन गर्दै आईरहेकोले **पशुपन्छी तथा मत्स्य फार्म दर्ता मापदण्ड, २०८१ बमोजिम** ............................................ फार्म दर्ता गरिदिनुहुन आवश्यक कागजात संलग्न राखि यो निवेदन पेश गरेको छु।

**निवेदक**
नामः
दस्तखत
ठेगानाः
सम्पर्क नं.:

**संलग्न कागजातहरुः**

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

ख. पार्सपोर्ट साईजको फोटो २ प्रति।

ग. जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि वा बहाल बिटौरी कर तिरेको प्रमाणको प्रतिलिपि।

घ. सम्बन्धित वडा कार्यालयको सिफारिस र चारकिल्ला प्रमाणित सर्जमिन मुजुल्का (फार्मले समुदायमा पार्न सक्ने सकारात्मक/नकरात्मक प्रभावको विवरण सहितको)

ङ. सर्जमिन मुजुल्कामा हस्ताक्षर गरेका व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

च. जग्गा भाडामा भए सो को सम्झौता पत्र (कम्तिमा ५ वर्षको हुनुपर्ने)

छ. एकाघरको व्यक्तिको नाममा जग्गा भए मञ्जुरिनामा।

## अनुसूची - २
## फार्म दर्ता प्रमाणपत्रको ढाँचा

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व )
गण्डकी प्रदेश, नेपाल

फोटो

फार्म दर्ता प्रमाणपत्र

**फार्म दर्ता प्रमाणपत्र नं.:** **मितिः**

श्री ................................. व्यवसायिक फार्म दर्ता गर्नको लागि मिति ........................... मा दिएको निवेदनको सम्बन्धमा कारवाही हुँदा ***पशुपन्छी तथा मत्स्य फार्म दर्ता मापदण्ड, २०८०*** बमोजिम दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

**१. फार्मको नाम र ठेगानाः–**

**२. प्रोपाईटरको नामः–**

**३. फार्मको किसिम–**

**४. फार्मको वर्गिकरणः**

**५. फार्मको उदेश्यः**

प्रमाणपत्र दिने अधिकारीको–

..........................

फार्म सञ्चालको दस्तखत

सहीः–
नामः–
पदः–
मितिः–

नविकरण सम्बन्धी विवरण

| क्र.स. | आ.व. | दर्ता/नविकरण शुल्क | रसिद नं./मिति | दर्ता/नविकरण गरेको मिति | दर्ता/नविकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोटः

क. दर्ता भएका फार्म प्रत्येक नयाँ आर्थिक वर्ष सुरु भएपछि नविकरण गर्नुपर्नेछ।

ख. नयाँ फार्म दर्ता तथा नविकरणमा लाग्ने शुल्क यस कार्यालयको निर्णय (आर्थिक ऐन)अनुसार हुनेछ।

नगरकार्यपालिकाबाट मिति २०८१/०५/२४ मा पारित यो मापदण्ड कावासोती कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७५ को नियम (४) को उपनियम (१) बमोजिम प्रमाणिकरण गर्दछु।

(लिलाराज पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

मितिः२०८१/०५/२६